२०७५ असार १४ गते बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- मुख्य न्यायाधिवक्ताको सेवा सुविधा सम्बन्धी विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- प्रदेश लोक सेवा आयोग सम्बन्धी विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको आदेश, २०७४ मा संशोधन गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको- प्रदेश नं. ५ विपद्बाट भएको क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गर्ने ।

५. नेपाल सरकारको निजामती सेवामा मिति २०४५/३/२२ मा शाखा अधिकृत पदबाट सेवा प्रवेश गरी अनवरत रुपमा विभिन्न कार्यालय, विभाग, आयोग तथा मन्त्रालयहरुमा कार्यरत रही यही मिति २०७५/३/१५ गतेबाट उमेर हदका कारण अवकास हुन लाग्नु भएका यस प्रदेश सरकारका प्रमुख सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) श्री शंकर प्रसाद पाठकलाई निजामती सेवाका विभिन्न ओहोदामा रही गर्नु भएको सेवाका लागि प्रदेश सरकारले हार्दिक धन्यवाद सहित विदाई गर्ने साथै उहाँको सेवा निवृत्त जीवन सुखमय रहोस भन्ने कामना समेत गर्ने निर्णय गरियो ।

६. प्रदेश सभामा प्रस्तुत हुने विधेयकहरु आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत पेश गर्ने।